# कोशी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

लौकही, सुनसरी

१ नं. प्रदेश, नेपाल

पत्र संख्या :०७७/०७८

चलानी नं.: १६५४

मिति:-२०७८/०३/११

कोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लौकही, सुनसरी
१ नं. प्रदेश, नेपाल

श्री सम्पूर्ण विद्यालयहरु सबै
कोशी गाउँपालिका सुनसरी ।

**विषय : विद्यालय सञ्चालन तथा विद्यार्थी भर्ना सम्बन्धमा ।**

प्रस्तुत विषयमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले शैक्षिक सत्र २०७८ को सुरुवात २०७८ असार १ गतेबाट गर्ने निर्णय गरेको कुरा सर्वविदित नै छ । यसै सन्दर्भमा यस गाउँपालिकाभित्र सञ्चालित सम्पूर्ण विद्यालयहरुले विद्यालय सञ्चालन तथा विद्यार्थी भर्नाका सन्दर्भमा तपसिलबमोजिम गर्नु / गराउनुहुन निर्देशानुसार अनुरोध छ ।

तपसिल :

१) सम्पूर्ण शिक्षकहरु २०७८।०३।०१ गतेदेखि नै आ-आफ्नो विद्यालयमा अनिवार्य हाजिर हुने,

२) विद्यालय प्रशासन पूर्ण रुपले १०:०० वजेदेखि ४:०० खुला राख्ने,

३) स्वास्थ्य सुरक्षाका मापदण्डहरुको पूर्ण पालना गरी असार २० गतेसम्म विद्यार्थी भर्ना अभियान सञ्चालन गर्ने,

४) स्वास्थ्य सुरक्षाका मापदण्डहरुको पूर्ण पालना गरी पाठ्यपुस्तक वितरण गर्ने,

५) शैक्षिक सत्र २०७८ को वार्षिक कार्य योजना तथा शैक्षिक सामग्री निर्माण गर्ने, गराउने,

६) विद्यालय सुधार योजना तयार गर्ने,

७) सम्पूर्ण स्थायी शिक्षकहरुको शैक्षिक सत्र २०७७ को कार्यसम्पादन मूल्याङ्कन फारम तोकिएबमोजिमको ढाँचामा भरी/भराइ असार मसान्तसम्ममा विद्यालयमा दर्ता गराइसक्ने,

८) वैकल्पिक विधिबाट शिकाइ अगाडी बढाउने

९) विद्यालय पूर्ण रुपमा सरसफाइ गर्ने

पुनश्च: कक्षा सञ्चालन तथा पठनपाठनका सम्बन्धमा पछि जानकारी गराइने छ । तोकिएको समयमा तोकिएबमोजिमका निर्देशनको पालना नगरी विद्यालयले पाउने सुविधा कटौती भएमा सम्बन्धित विद्यालय जवाफदेही हुने छ ।

........................
देवराज अधिकारी
शिक्षा शाखा प्रमुख
(अधिकृत छैठौं)

बोधार्थ:

सूचना तथा प्रविधि शाखा : *सूचना वेवसाइडमा अपलोड गरिदिनुहुन ।*